मिति : २०६६ चैत्र ३१ गते
श्रीमान सम्पादकज्यू
समाचार शाखा
राष्ट्रिय संचार माध्यमहरु
बिषय : समाचार प्रकाशित एवम प्रसारीत गरी दिने बारे ।

महोदय,
अखिल नेपाल फुटबल संघले युवा फुटबल बिकास परियोजना अन्तर्गत फुटबल खेलको बिकास एवम् बिस्तार गर्ने क्रममा नेपालभरबाट उत्कृष्ट युवा खेलाडीहरुको छनौट गरी दक्ष फुटबल प्रशिक्षकहरुद्धारा दैनिक फुटबल प्रशिक्षणका साथै निःशुल्क खान, बस्न र अध्ययनको व्यवस्था सहितको एन्फा फुटबल एकेडेमी संचालन गर्दै आएकोमा बर्ष २०६७ का निम्ति नयां समुहका युवा खेलाडीहरु (१२ बर्ष मुनी)लाई छनौट गरी एन्फा फुटबल एकेडमेमीमा सहभागी गराउन संघले देशव्यापि रुपमा चरणवद्ध रुपले छनौट कार्य गर्दै आएको व्यहोरा जानकारी गराउंदछौ ।
क) पहिलो चरण : पहिलो चरणमा संघ अन्तर्गत गठीत ४० जिल्लाहरुमा २०६६ चैत्र २३ देखि २५ गते सम्म जिल्लाका एन्फाका स्थानीय प्रशिक्षकहरुको संलग्नतामा छनौट कार्यक्रम राखिएकोमा सफलता पूर्वक सम्पन्न भएको जानकारी गराउंदछौ । साथै उक्त पहिलो चरणबाट दोश्रो चरणमा सहभागीता गराउने कार्यक्रम रहेको छ ।
ख) दोश्रो चरण : दाश्रो चरणमा संघले तोकिएको बिभिन्न ५ क्षेत्रहरुमा क्षेत्रीय छनौट (पूर्वाञ्चलको दुहबीमा, मध्यमाञ्चलको काठमाण्डौ र हेटौडामा, पश्चिमाञ्चलको पोखरामा र मध्यपश्चिम तथा सुदुर पश्चिमाञ्चलको धनगढीमा यहि ०६६ चैत्र २९, ३० र ३१ गते गर्ने कार्यक्रम अनुसार पहिलो चरणमा जिल्लाहरुबाट छनौट भएका खेलाडीहरु मध्ये पूर्वाञ्चलको दुहबीमा बिभिन्न ७ जिल्लाहरुबाट ११२ जना सहभागी भएका थिए भने ३१ जना केन्द्रिय स्तरको छनौटमा छनौट भएका छन् भने मध्यमाञ्चलको काठमाण्डौमा बिभिन्न ८ जिल्लाका १०५ युवा खेलाडीहरुबाट २८ जना, मध्यमाञ्चलकै हेटौडाबाट ७ जिल्ला ६१ जना मध्ये १६ जना पश्चिमाञ्चलको पोखरामा ९ जिल्लाहरुबाट ९५ जना मध्ये ४३ जना र मध्य पश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चलको धनगढीमा भएको छनौटमा ५ जिल्लाका १५ जना मध्य ७ जना छनौट भएका छन् भने आगामी २०६७ बैशाख ५ देखि ८ गते सम्म काठमाण्डौमा तेश्रो चरण तथा केन्द्रिय स्तरको छनौटबाट अन्तिम छनौट गर्दै एन्फा एकेडेमीमा युवा खेलाडीहरु सहभागी गराउने कार्यक्रम रहेका जानकारी गराउंदछौ । उक्त समाचारलाई यहांको संचार माध्यमबाट प्रकाशित एवम् प्रसारीत गरी दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यबाद ।
भवदीय
(ललित कृष्ण श्रेष्ठ)
उपाध्यक्ष एवम् प्रवक्ता